# पाणिनी गाउँपालिका
## Panini Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

दुर्गाफाँट, अर्घाखाँची
Durgafant, Arghakhanchi
प्रदेश नं. ५, नेपाल
Province No. 5, Nepal


पत्र संख्या / Letter No.: ०७७/७८
चलानी नं. / Ref. No.: ३५०

मिति / Date: २०७७/०६/२७

पाणिनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुर्गाफाँट, अर्घाखाँची ५ नं. प्रदेश, नेपाल

विषयः बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

श्री हुलास स्टील इण्डष्ट्रिज लिमिटेड
काठमाडौ ।

प्रस्तुत विषयमा यस पाणिनी गाउँपालिका र प्रदेश सरकारको समपुरक अनुदानबाट चालु आ.व. ०७७/७८ मा **खरको छाना विस्थापनको लागि जस्तापाता खरिद** सम्बन्धी मिति २०७७/०५/१६ मा प्रकाशित बोलपत्र ठेक्का नं. PRM/NCB/Goods/01-077/078 बमोजिम मिति २०७७/०६/१५ गते १२:०० बजेसम्म यस कार्यालयमा दर्ता भई सोही दिन दिनको २:०० बजे खोलिएका बोलपत्रको मूल्याङ्कन समितिले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ बमोजिम परीक्षण तथा मूल्याङ्कन गर्दा तपाईले रु.१,६०,१२,५००/- (अक्षरुपी एक करोड साठी लाख बाह्र हजार पाँच सय रुपैयाँ) भ्याट बाहेक राखी पेश गरेको कबोल रकम कूल लागत अनुमान रकम रु.१,९१,७२,९१०/-(अक्षरुपी एक करोड एकानब्बे लाख बहत्तर हजार नौ सय दस रुपैया ) भन्दा १६.४८ % ले घटी देखिएकोले उक्त बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही ठहर भई मूल्याङ्कन समितिबाट छनौटका लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ संशोधित को दफा २७ को उपदफा (२) बमोजिम त्यस फर्मको बोलपत्र स्वीकृत गरिने आशयको पत्र जारी गरिएको व्यहोरा अनुरोध छ ।

यसरी जारी गरिएको आशयपत्रको उल्लेखित व्यहोरामा असहमति वा चित्त नबुझेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिम यो पत्रको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा लिखित निवेदन पेश गर्न सक्ने प्रावधान रहेको व्यहोरा अन्य बोलपत्रदाताहरुलाई यसै पत्र मार्फत जानकारी गराइएको छ ।

२०७७/०६/२७
...................
मधुकृष्ण पौडयाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री सूचना प्रविधि शाखाः कार्यालयको website मा upload गरिदिनुहुन ।